# बुटवल उप-महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
बुटवल, रुपन्देही

फोन: ०७१-५४०११२, ५४००३५
फ्याक्स: ०७१-५४१२८३
इमेल: info@butwalmun.gov.np

प.सं. 066/068
च.नं. 3290

मिति: २०७७/१०/०९

**बुटवल उप-महानगरपालिकाको अत्यन्त जरुरी सूचना**

बुटवल उप-महानगरपालिका क्षेत्र भित्रका भूमिहिन दलित, भूमिहिन सुकुम्बासी र अव्यवस्थित बसोवासीहरुको लगत संकलन कार्यको लागि तँपाईहरुको घर दैलोमा गणकहरु निकट भबिष्यमा आउने तयारी भैरहेकाले देहायका कागजातहरु आवश्यक पर्ने हुदा आफुसँग कागजात राखि तयारी अवस्थामा रहनु हुन सम्बन्धित सबैमा अनुरोध गरिन्छ।

देहाय

**१) दलित भूमिहीन र भूमिहिन सुकुम्वासीको फारम भर्दा आवश्यक पर्ने कागजातहरु:**

क) परिवारमूलीको पति र पत्नीको नेपाली नागरिकताको २/२ प्रति फोटोकपी र पासपोर्ट साईजको २/२ प्रति फोटो ख) परिवारमूलीको बाबु, आमा र परिवार सबैको नेपाली नागरिकताको २/२ प्रति फोटोकपी
ग) परिवारमूलीको बाजे, ससुराको मतदाता परिचय पत्रको एक प्रति फोटोकपी
घ) उपभोगको प्रमाण(बिद्युत/पानी महसुल तिरेको रसिद, स्थानीय तहले दिएको सिफारिस, घरसारको कागजात, भोगचलन गर्न दिएको प्रमाण, घरनक्शा पासको प्रतिलिपी र विगतका आयोगले दिएको निस्सा (संम्भव भए सम्म यी मध्येको एक एक प्रति फोटोकपी र आफू वा परिवारको सदस्यको भोगचलनमा बेदर्ता जग्गा नेपाल अधिराज्यभर कहिकतै नरहेको हकमा यी कागजातको आवश्यकता नपर्ने)

उल्लेखित सबै कागजातको एक प्रति सक्कल र एक प्रति प्रतिलिपी फाईल तयारी अवस्थामा राख्ने ।

**२) अव्यवस्थित बसोवासीहरुको फारम भर्दा आवश्यक पर्ने कागजातहरु:**

क) परिवारमूलीको पति र पत्नीको नेपाली नागरिकताको २/२ प्रति फोटोकपी र पासपोर्ट साईजको २/२ प्रति फोटो
ख) परिवारमूलीको बाबु, आमा र परिवार सबैको नेपाली नागरिकताको २/२ प्रति फोटोकपी
ग) परिवारमूलीको बाजे, ससुराको मतदाता परिचय पत्रको एक प्रति फोटोकपी
घ) उपभोगको प्रमाण(बिद्युत/पानी महसुल तिरेको रसिद, स्थानीय तहले दिएको सिफारिस, घरसारको कागजात, भोगचलन गर्न दिएको प्रमाण, घरनक्शा पासको प्रतिलिपी र विगतका आयोगले दिएको निस्सा (संम्भव भए सम्म यी मध्येको एक एक प्रति फोटोकपी
ङ) आफु र परिवारका सदस्यका नाममा अन्यत्र रहेका सवै जग्गाको लालपूर्जाको फोटोकपी र सम्बन्धित स्थानीय तहले (पालिकाले) सम्पत्तिकर प्रयोजनको लागि निर्धारण गरेको मुल्याङ्कन सम्बन्धी स्थानीय तह (पालिका) को पत्र ।
च) माग गरेको जग्गामा निवेदकले दश वर्ष अधिबाट आबाद कमोत गरी आएको हो भनी प्रमाणित गरेको सम्बन्धित वडाको सिफारिस पत्र ।

उल्लेखित सबै कागजातको एक प्रति सक्कल र एक प्रति प्रतिलिपी फाईल तयारी अवस्थामा राख्ने ।

अनुरोधक
बुटवल उप-महानगरपालिका, बुटवल, रुपन्देही